Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra

Swiss Agency for Development and Cooperation SDC
स्वीस सरकार विकास सहयोग एसडीसी

# वृत्ति मार्गनिर्देशन (Career Guidance)

जानकारीपत्र

## १. पृष्ठभूमि

**सही वृत्तिपथ छनोटका लागि त्यस सम्बन्धी जानकारी आवश्यक पर्छ । विद्यालयमा बालबालिकालाई उचित तवरले वृत्तिपथ निर्देशन उपलब्ध हुनुपर्छ ।**



नेपालमा वृत्ति छनोट गर्ने मुख्य आधार प्रतिस्पर्धात्मक परीक्षाको प्राप्ताङ्क नै हो । परीक्षामा उच्चतम अङ्क हाँसिल गर्ने विद्यार्थीहरुको रोजाई चिकित्साशास्त्र वा इन्जिनियरिङ हुने गर्दछ । आम अभिभावक र शिक्षकले पनि त्यस्ता विद्यार्थीको रुचि र खुबीका विषयमा विचार नगरी यिनै विषय छनौट गरुन् भन्ने अपेक्षा राख्छन् । नेपालमा ज्यादै कम युवालाई यहाँ सम्भव भएका वृत्तिपथहरूका बारेमा पूर्ण जानकारी छ । आफ्नो सुन्दर भविष्यको सपना संगालेका युवाहरुमा पनि वृत्तिपथका लागि आवश्यक योग्यता तथा शिक्षालयको बारेमा सही जानकारी नहुन सक्छ ।
सही वृत्तिपथ छनोटका लागि त्यस सम्बन्धी जानकारी आवश्यक पर्छ । विद्यालयमा बालबालिकालाई उचित तवरले वृत्तिपथ निर्देशन उपलब्ध हुनुपर्छ । त्यसो भएमा उनीहरु आफूलाई सुहाउँदो वृत्तिपथ छनौट गर्न, आवश्यक योग्यताका बारेमा जानकारी प्राप्त गर्न र यसका लागि उत्साहका साथ लाग्न समर्थ हुन्छन् । उनीहरु रुचि अनुसारका मिल्दाजुल्दा अन्य पेसाका बारेमा पनि जानकारी बटुल्न सक्षम हुन्छन्।
यो कार्यक्रमले विभिन्न पेसाको महत्व बारेमा समाजमा सचेतना फैलाउने कार्य गर्छ । यसका माध्यमबाट लक्षित समूहलाई समाजमा पेसाकर्मीहरुको योगदान, श्रम बजारको माग अनुसार नयाँ वृत्तिका सम्भावनाहरु बारे सुसूचित गराइन्छ । वृत्ति विकासको क्रममा विद्यार्थी/युवाहरुलाई सबै सूचना तथा जानकारी प्राप्त गरी स्वनिर्णयका लागि सक्षम बनाउने उद्देश्यसाथ यी गतिविधिहरु सञ्चालित छन् ।

## २. लक्षित समूह

- विद्यालय जाँदै गरेका बालबालिकाहरु
- युवाहरू

## ३. कार्यान्वयन विधि

- विद्यालयहरुमा वृत्ति मार्गनिर्देशन कार्यक्रम
- वृत्ति मेला
- वृत्ति मार्गनिर्देशन सेवा केन्द्र

### ३. क) विद्यालयमा वृत्ति मार्गनिर्देशन कार्यक्रम

परियोजनाले विद्यार्थीहरूको वृत्तिपथ पहिल्याउन आवश्यक सहयोग गर्दै आइरहेको छ । यस क्रममा कक्षा ९ र १० मा तालिमप्राप्त वृत्ति मार्गनिर्देशन शिक्षक मार्फत यो कार्यक्रम विद्यालयस्तरमा सञ्चालित छ । वृत्ति मार्गनिर्देशन कार्यक्रमका विशेषताहरु यसप्रकार छन् ।

- वृत्ति मार्गनिर्देशन कार्यक्रम सामुदायिक विद्यालयमा कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरुलाई लक्षित गरिएको छ । यो कार्यक्रममा निजी विद्यालयहरुलाई पनि विस्तारित भएको अवस्था छ ।
- प्रशिक्षित वृत्ति मार्गनिर्देशन शिक्षक/सहजकर्ताहरुबाट सहजीकरण सत्रहरु सञ्चालन गरिन्छ।
- छनोट भएका सामुदायिक विद्यालयबाट दुई शिक्षक (महिला र पुरुष) लाई वृत्ति मार्गनिर्देशन सत्र सञ्चालनका लागि प्रशिक्षण दिइन्छ ।
- प्रशिक्षित दुई शिक्षकहरू मार्फत वृत्ति मार्गनिर्देशन सत्र सञ्चालन गरिन्छ।
- वृत्ति मार्गनिर्देशन अन्तर्गत छ वटा सत्रहरु सञ्चालन गरिन्छन् ।
- कक्षा ९ मा वृत्ति मार्गनिर्देशन सत्रमा सहभागी विद्यार्थीहरुलाई पुनर्ताजगी गर्ने उद्देश्यले कक्षा १० मा पुगेपछि पनि एउटा फलोअप सत्र सञ्चालन गरिन्छ ।

## ३. ख) वृत्ति मेला

वृत्ति मेला विद्यार्थी, युवा तथा रोजगारीको खोजीमा रहेका व्यक्ति लक्षित कार्यक्रम हो । यो मेलाले विद्यार्थीहरुलाई आफ्नो वृत्तिपथ छनोट गर्न विभिन्न शिक्षालय, उद्योग/व्यवसाय तथा रोजगारदाताहरुसँग अन्तरक्रिया मार्फत सु-सूचित स्वःनिर्णयको लागि सहयोग गर्छ । श्रम बजार प्रवेशको क्रममा रहेका नवप्रवेशी, कुनै पेसामा रहे पनि विभिन्न कारणले वैकल्पिक रोजगारको खोजीमा रहेका, वैदेशिक रोजगारमा जान चाहने र वैदेशिक रोजगारबाट फर्किई स्वदेशमा नै रोजगारमा सम्लग्न हुन चाहने व्यक्तिका साथै रोजगारदाता एवं तालिम प्रदायक संस्थालाई एउटै थलोमा ल्याई रोजगार प्राप्त गर्न वा रोजगारका लागि आवश्यक सीप प्राप्त गर्न यो मेलाले सकजीकरण गर्छ । मेलामा रोजगारीको खोजीमा रहेकाहरुलाई सम्भावित नयाँ वृत्ति, वृत्तिपथ, तालिम प्रदायक र अन्य सरोकारवालाका बारेमा जानकारी दिइन्छ । मेलापछि पनि उनीहरुले थप जानकारीका लागि तालिम प्रदायक र सरोकारवालासँग सम्पर्क समेत गर्न सक्छन् ।

## ३. ग) वृत्ति मार्गनिर्देशन सेवा केन्द्र

ENSSURE परियोजनाले अवसरको खोजीमा रहेका व्यक्तिलाई सहयोग गर्ने उद्देश्यले सातै प्रदेशमा वृत्ति मार्गनिर्देशन सेवा केन्द्र सञ्चालन गरिरहेको छ । शैक्षिक उन्नयनको खोजीमा रहेका युवा, रोगजारीको खोजीमा रहेका व्यक्तिहरू, विद्यार्थीहरू तथा वैदेशिक रोजगारीमा जान चाहने र वैदेशिक रोजगारबाट फर्किएर देशमै रोजगारमा सम्लग्न हुन चाहने व्यक्ति या उनीहरुका परिवारजन तथा अभिभावकहरु सेवा केन्द्रका लाभग्राही छन् । केन्द्रले सेवाग्राहीलाई उनीहरुको चाहना र आवश्यकता अनुसार वृत्ति परामर्श प्रदान गर्छ । सेवा केन्द्रबाट वृत्ति परामर्श, वृत्ति निर्देशन, कुनै पनि पेसाका बारेमा विस्तृत जानकारी, कुनै पनि व्यवसायिक, प्राविधिक या अत्य वृत्तिको उपयुक्तताका लागि स्वमूल्यांकनका साधन उपलब्ध गराइन्छ । त्यसैगरी देशका ११ पालिकाहरूमा वृत्ति मार्गनिर्देशन इकाइहरूको पनि स्थापना गरिएको छ । ती केन्द्रहरूबाट पनि उल्लेखित सेवाहरू प्राप्त गर्न सकिन्छ । स्थानीय सरकारसँग सहकार्य गर्दै उद्योग व्यवसायी तथा अन्य सरोकारवालाहरुको सहयोगमा यो कार्यक्रम सञ्चालित छ ।

## परियोजना बारेमा

दिगो तथा सम्मानित रोजगारीका लागि सीप (Enhanced Skills for Sustainable and Rewarding Employment (ENSSURE) परियोजना नेपाल सरकार तथा स्वीस सरकारको सहकार्यमा पहिलो चरणमा सन् २०१६ देखि २०२२ सम्म सञ्चालन भएको थियो । यस क्रममा प्राप्त सिकाइहरुलाई आधार बनाउँदै परियोजनाको दोस्रो चरण सन् २०२१ देखि २०२६ सम्मको लागि सञ्चालित छ । परियोजनाको पहिलो चरणको कार्यान्वयन प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (CTEVT) ले गरेको थियो । दोस्रो चरणको परियोजनाको कार्यान्वयन संघीय स्तरमा परिषदले तथा प्रदेश स्तरमा सम्बन्धित सामाजिक विकास मन्त्रालयमार्फत भइरहेको छ । त्यसैगरी स्थानीय तहमा नगरपालिकाहरुले परियोजनाका गतिविधिहरुको कार्यान्वयन गरिरहेका छन् । परियोजनाको दुवै चरणको कार्यान्वयनमा हेल्भेटास नेपालको प्राविधिक सहयोग रहँदै आएको छ । विद्यालयमा वृत्ति मार्ग निर्देशन कार्यक्रम ENSSURE को उप–अवयव वृत्ति मार्ग निर्देशन सेवा अन्तर्गत रहेको छ ।


**थप जानकारीको लागि सम्पर्क ठेगाना**

**दिगो तथा सम्मानित रोजगारीको लागि सीप परियोजना**

**फोन नम्बर: ०१–६६३६१९१/६६३६०७३/६६३४४४३**

**टोल फ्रि नम्वर: १६६००१००२२२**

**वेव: www.enssure.org.np**


CTEVT 1989

ENSSURE Enhanced Skills for Sustainable and Rewarding Employment

HELVETAS NEPAL